संस्थाको बैंकिंग समुदाय संचालन बचत परिचालन तथा कर्जा लगानी नियमावली २०८२ अनुसारका बचत तथा कर्जा विवरण

बचतका शिर्षकहरु

क.सं.	नेपालीमा	English word
१.	सामुहिक बचत कोष	Group Savings Fund
२.	अनिवार्य बचत	Compulsory Savings
३.	व्यक्तिगत बचत	Personal Savings
४.	पेवा बचत	Pewa Savings
५.	शैक्षिक बचत	Educational Savings
६.	बाल बचत	Child Savings
७.	पेन्सन बचत	Pension Savings
८.	जीवन सुरक्षा बचत	Life Protection Savings
९.	विप्रेषण बचत	Remittance Savings
१०	दैनिक बचत	Daily Savings
११	विशेष बचत योजना	Special Saving Scheme

कर्जा लगानीको प्रकृया र सिमाः

(१) संस्थाले निम्न चार प्रकृयाबाट कर्जा लगानी गर्ने छ ।

(क) समूहमा आवद्ध सदस्यलाई विनाधितो समुह जमानीमा बैंकिङ्ग समुदायको सिफारिसमा गरिने कर्जा लगानी ।

(ख) समूह सदस्य वा कार्य क्षेत्रमा बसोवास गरेको वा व्यवसाय गरेको व्यक्तिले घरजग्गा वा जायजेथा धितो राखी गरिने कर्जा लगानी ।

(ग) पहिले कर्जा व्यक्तिगत हस्तक्षेप (Credit-first Individual Intervention) विधि अनुसार समूहमा आबद्ध नभएका अति विपन्न ब्यक्तिलाई पारिवारिक जमानीमा गरिने कर्जा लगानी ।

(घ) समुह सदस्यको आकस्मिक आवश्यकता पुरा गर्न सदस्यको (M2M) बीचमा आपसी सहमतीमा दिइने पारस्पारिक सापटी ।

(२) कर्जा प्रवाह गर्दा एक ग्राहक सदस्यलाई एकै अवधिमा तपसिल बमोजिमको एकल कर्जा सिमा भित्र रहि कर्जा लगानी गरिनेछ ।

(क) विना धितो कर्जा:

क्र.स.	विवरण	अधिकतम सिमा	कैफियत
१	पहिले कर्जा व्यक्तिगत हस्तक्षेप (Credit first Individual Intervention)"	२५०००	पारिवारिक जमानीको आधारमा
२	कर्जा उपभोग गरेको दुई वर्ष नपुगेका समूह सदस्यको हकमा	रु ५,००,०००।-	सामूहिक जमानीको आधारमा
३	विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा	रु ७,००,०००।-	

(ख) धितो कर्जा:

क्र.स.	विवरण	अधिकतम सिमा	कैफियत

१	समूहमा आबद्ध भएका वा नभएका ग्राहक सदस्यलाई	रु १५,००,०००।-	स्वीकारयोग्य चल-अचल सम्पती धितोको आधारमा

(ग) समूहमा आवद्ध रहेर कर्जा उपभोग गरिरहेको ऋणि सदस्यले एकै समयमा सामुहिक जमानीमा आधारित बिना धितो कर्जा वा जायजेथा धितो राखेर लिने कर्जा मध्ये कुनै एक कर्जा मात्र लिन पाउनेछ । **तर एकल सिमा ननाघ्ने गरि विना धितोमा एक भन्दा वढी प्रकारका कर्जा दिन बाधा पुग्ने छैन ।**

(३) समुह सदस्यको आकस्मिक आवश्यकता पुरा गर्न सदस्य सदस्यको (M2M) बीचमा अनिवार्य बचत खाता बाहेकका खाताबाट आपसी सहमतीमा बढीमा ३ महीनाका लागि अधिकतम रु १०,०००/- सम्म पारस्पारिक सापटी लिने व्यवस्था सेवा शुल्क लिई मिलाइनेछ ।

(४) यसरी कर्जा लगानी गर्दा **धितो कर्जामा कूल कर्जाको एकतिहाई भन्दा वढी नहुने** गरी कर्जा प्रवाह गरिने छ । संस्थाले अनिवार्य रुपमा आफ्नो कुल कर्जाको **एक तिहाइ कर्जा कृषि क्षेत्रमा** प्रवाह गर्नुपर्ने छ ।

कर्जा शिर्षकहरु

क.सं.	कर्जाको किसिम	English word
१	साधारण कर्जा	General Loan
२	आकस्मिक कर्जा	Emergency Loan
३	मौसमी कर्जा	Seasonal Loan
४	कृषि तथा पशुपालन कर्जा	Agriculture & Livestock Loan
५	लघुउद्यम/व्यवसाय कर्जा	Micro-Enterprise/Business Loan
६	रैथाने पेशागत कर्जा	Native Occupational Loan
७	आवास कर्जा	Housing Loan
८	शैक्षिक कर्जा	Educational Loan
९	हरित कर्जा	Green Financing
१०	परियोजना कर्जा	Project Loan
११	नव प्रवतन कर्जा	Start-Up Loan
१२	व्यवसाय पूनर्उत्थान कर्जा	Business Revival Loan
१३	सामाग्री खरिद कर्जा	Commodity Loan
१४	सामुहिक व्यवसाय कर्जा	Collective Business Loan
१५	बैदेशिक रोजगार कर्जा	Foreign Employment Loan
१६	बैंकिङ समुदाय कर्जा	Banking Community Loan